**यूनाइटेड अजोड**
**इन्स्योरेन्स लिमिटेड**
United by Trust

च.नं. ४५१६ ०८०।०८१
मिति : २०८१।०२।१४

**श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड**
**सिंहदरवार प्लाजा, काठमाण्डौं ।**

**विषय : विशेष साधारण सभा तथा शेयर दाखिला खारेज बन्द (Book Close) सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१।०२।१४ गते ( तदनुसार २७ मे, २०२४ ) अपरान्ह ५:०० बजे बसेको सञ्चालक समितिको ३३ औं बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै उक्त विशेष साधारण सभा बस्ने प्रयोजनार्थ मिति २०८१।०२।२५ गते शुक्रवार शेयर दर्ता किताब बन्द हुने व्यहोरा समेत अनुरोध छ ।

स्थानः अम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, टंगाल, काठमाण्डौं ।
मितिः २०८१ साल जेठ ३१ गते विहीबार (तद्नुसार १३ जुन, २०२४)
समयः बिहान १०:३० बजे

शेयरधनी तथा सर्वसाधारणहरुको जानकारीको लागि उक्त विशेष साधारण सभा सम्बन्धी सूचना मिति २०८१।०२।१५ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । तथा कम्पनीको वेवसाइटमा समेत राखिएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

भवदीय,

**बैद्यनाथ प्रसाद उपाध्याय**
**मूख्य प्रवन्धक/कम्पनी सचिव**

संलग्न कागजातः

१. विशेष साधारण सभाको सूचना

# विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८१/०२/१५ गते)

श्री आदरणिय शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०८१/०२/१४ गते बसेको ३३ औं बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न स्थान, मिति र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा समुपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा बस्ने स्थान, मिति र समयः**

स्थानः अम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, टंगाल, काठमाण्डौं।

मितिः २०८१ साल जेठ ३१ गते विहीबार (तदनुसार १३ जुन, २०२४)

समयः बिहान १०:३० बजे

**विषय सूचीः**

**क) विशेष प्रस्तावहरुः**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको कम्पनीको चुक्ता पूँजी रु.२,१०,००,००,०००।- (अक्षेरेपी दुइ अर्व दश करोड) को १५% अर्थात प्रत्येक १०० कित्ता शेयर वरावर १५ कित्ताको दरले हकप्रद शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।

२. हकप्रद शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी बृद्धि भई रु.२,४१,५०,००,०००।- (अक्षेरेपी दुई अर्व एकचालिस करोड पचास लाख) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव विशेष साधारण सभामा पेश गर्ने बारे।

३. कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम संचालक समिति गठन गर्ने तथा सोही बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव विशेष साधारण सभामा पेश गर्ने सम्बन्धमा।

४. संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेखन गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव परित गर्ने।

**ख) विविध**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको विशेष साधारण सभामा उपस्थिति प्रयोजनका लागि मिति २०८१ साल २५ गते शुक्रवार १ दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताव बन्द रहनेछ। साथै, नेपाल स्टक इक्स्चेन्ज लिमिटेडमा मिति २०८१ साल २४ गते सम्म कारोबार भई प्रचलीत कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड नारायणचौर, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन्।

२. शेयर महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा विशेष साधारण सभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ। सभा सुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भई दिनुहुन समेत शेयर धनी महानुभावहरुलाई अनुरोध गरिन्छ।

३. विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहानको ९:३० बजे देखि खुल्ला राखिनेछ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन्। शेयरधनीको दर्ता कितावमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

५. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीको सर्वसम्मतिबाट आफूहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन्।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले कम्पनीको सोही समूहको अर्को शेयर धनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड, नारायणचौर, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ। प्रोक्सी फारम यस कम्पनीको वेवसाईटबाट डाउनलोड गर्न सकिने छ।

७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी दिए पछि आफैं उपस्थित हुन वा सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड, नारायणचौर, काठमाण्डौंमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा बुँदा नं (६) मा लेखिए बमोजिम हुनेछ।

८. शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको सबैभन्दा पहिले प्राप्त भई दर्ता भएको हो माथिको बुँदा नं. (७) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ।

९. सभा सम्बन्धी अन्य काम कार्यवाही कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० तथा कम्पनीको प्रबन्धपत्र र नियमावली बमोजिम हुनेछ।

१०. विशेष साधारण सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको प्रधान कार्यालय सि.टि.सि.मल, सुन्धारा, काठमाण्डौंमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

"नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त"

UNITED AJOD
Insurance Limited
United by Trust

**यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड**

**United Ajod Insurance Limited**

सिटी.सी मल (सातौं तल्ला), सुन्धारा, काठमाण्डौं
फोन नं. ०१-५३३३७४३, ५३४३३०३, ५३४३०१३, ५३४३०७२, टोल फ्री १६६०-०१-८६४९६,
इमेलः info@unitedajodinsurance.com, वेबसाइटः unitedajodinsurance.com

(साविकका यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. र अजोड इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभिएर बनेको बीमक)